# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
# Communist Party of Nepal (Maoist Centre)

**केन्द्रीय कार्यालय**
**Central Office**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) 1949 केन्द्रीय समिति Central Committee Communist Party of Nepal (Maoist Centre)

**पत्र संख्या :**
**चलानी नं. :**

## शुभकामना

मुस्लिम समुदायको महान् चाड इद-उल-फित्रको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण मुस्लिम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश भएकाले विश्वमा यसको भिन्नै मौलिक पहिचान रहेको छ । यही मौलिक पहिचानका कारण नेपाली जनसमुदायका बीचमा सदियौंदेखि सहिष्णुता र राष्ट्रिय एकताको भावना जागृत भएको हो । बहुधर्म र बहुसँस्कृतिले नै हाम्रो समाजलाई पारस्परिक सम्मान सहित अघि बढ्न अभिप्रेरित गरिरहेको छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको वर्तमान संविधानले नेपाली बहुसंस्कृतिको सम्मान गर्दै पहिचान र आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ । अहिले नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त हक र अधिकारमाथि प्रतिक्रियावादीहरुबाट प्रहार भइरहेको छ । परिवर्तन विरोधी प्रतिगामी शक्तिका विरुद्ध एकताबद्ध र सचेत संघर्षमा उत्रिन आव्हान गर्दै विश्वभर फैलिएको कोरोना महामारीबाट बच्न स्वास्थ्य सुरक्षाका सबै मापदण्ड अपनाई सुरक्षित रहन सबैमा आग्रह पनि गर्दछु। साथै, यस पर्वका अवसरमा सम्पूर्ण मुस्लिम जनसमुदायमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

*३१ बैशाख, २०७८*

..............................
**पुष्पकमल दाहाल 'प्रचण्ड'**
**अध्यक्ष**

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, ४६०२२८८, फ्याक्स : ९७७-१-४६०२२८९
Email : cpnmcentre@gmail.com, Website : www.ucpnmcentre.org